# स्थानीय राजपत्र

## घोराही उपमहानगरपालिका

## लुम्बिनी प्रदेश घोराही दाङ

**खण्ड ८ संख्या ४ स्थानीय राजपत्र भाग २ मिति २०८१।०२।२५**

# लैङ्गिक हिंसा नियन्त्रीत नगर घोषणा सम्बन्धी कार्यविधि २०८१

***नगर सभाबाट स्विकृत मिति : २०८१।०२।२४***

**प्रस्तावना :**

संविधानको प्रस्तावनामा नै लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था रहेको छ । यसका साथै समानुपातिक समावेशी र सहभागिताको सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माणका लागि लैङ्गिक विभेद, लैङ्गिक हिंसा, वर्गीय, जातिय, क्षेत्रीय, भाषिक, धार्मिक र सबै प्रकारका जातिय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र समाजिक न्याय सुनिश्चित गर्ने संकल्प नेपालको संविधान २०७२ ले गरेको छ ।

राज्यले नागरिकहरुबीच उत्पत्ती, धर्म, वर्ण, जात, जाती, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन भन्ने समेत व्यवस्था गरेको छ । समान कामका लागि समान ज्याला, पैतृक सम्पत्तीमा लैङ्गिक भेदभाव बिना सबै सन्तानको समान हक, वंशीय आधारमा लैङ्गिक पहिचान सहितको नागरिकताको अधिकार हुने व्यवस्था संविधानले गरेको छ।

संविधानले महिला, बालबालिका, दलित, जेष्ठनागरिकको हक, सामाजिक न्यायको हक, सामाजिक सुरक्षाको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरी महिला, बालबालिका लगाएत सिमान्तकृत समुदायको समान तथा सम्मानजनक रुपमा बाँच्न पाउने हक सुनिश्चित गरेको छ । संबिधानले कुनै पनि बाहानामा हुने विभेद तथा हिंसालाई दण्डनीय बनाएको छ ।

महिलाको हक अन्तरगत समान वंशीय अधिकार, सुरक्षित मातृत्वको अधिकार, राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तका अधारमा सहभागिता हुन पाउने अधिकार, सम्पत्ति तथा पारिवारिक मामिला सम्बन्धी अधिकार, स्वास्थ्य, सुरक्षा, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ ।

यसैगरी समानताको हक अन्तरगत सामाजिक र साँस्कृतिकरुपले पिछडिएका जाती वर्ग लिङ्ग समुदाय तथा पिछडिएको क्षेत्र समेतको संरक्षण सशक्तीकरण वा विकासको लागि विशेष प्रावधानहरु सहित थप व्याख्या गरेको छ । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण गरी विकासका लागि तय हुने कार्यक्रम, रणनीति, प्रशासनिक र वित्तीय वा आर्थिक क्रियाकलापहरूमा महिला, पुरुष तथा सीमान्तकृत समुदायका चासो र आवश्यकताहरू पहिचान गरी सम्वोधन गर्न आबश्यक छ ।

संबिधानका साथै घरेलु हिंसा (कसुर र सजाय) ऐन २०६६, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१, बोक्सीको आरोप (कसुर तथा सजाय) ऐन २०७२ लगाएतका कानूनमा पनि लैंगिक हिंसा नियन्त्रणका लागि बिभिन्न व्यवस्था गरिएको छ ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सिद्धान्तले असमानता र विभेदहरूको न्यूनीकरण गर्दै, समान अधिकार तथा अवसरहरूको सुनिश्चित गर्ने र जुनसुकै सामाजिक पृष्ठभूमि र पहिचान भए पनि सबै व्यक्तिमा सम्मानको प्रत्याभूति दिलाउँछ । संघिय राज्य प्रणाली अनुसार सरकारका नीति तथा कार्यक्रमहरु नेपालले विभिन्न समयमा गरेका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धताहरु पूरा गर्नु तीनै तहका सरकारको दायित्व हो ।

यसका लागि तीनै तहका सरकारले समाजका विभिन्न वर्ग, लिङ्ग, क्षेत्रबीच रहेको सबै किसिमको असमानता, विभेदकारी सोच र संरचनाहरुलाई रुपान्तरण गर्दै समतामूलक रुपमा लैङ्गिक समानता र सामावेशीकरणमैत्री संरचना निर्माण गर्न आवश्यक हुन्छ । साथै विगतमा भएका सार्थक प्रयास तथा असल अभ्यासहरुलाई समेत आत्मसात् गर्दै वञ्चितीकरणका विषयहरुलाई समावेशीकरणको अवधारणा बमोजिम सम्बोधन गर्न अपरिहार्य रहेको छ ।

यसर्थ, लैङ्गिक समानता, लैंगिक हिंसा र सामाजिक समावेशीकरणका सवालमा भएका चुनौती तथा अवसरहरुको आधारमा लैङ्गिक शासन पद्धतिलाई संस्थागत गर्न एवं स्थानीय सरकार संचालन ऐन २०७४ मा भएको व्यवस्था अनुसार स्थानीय तहमा लैङ्गिक तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरणको प्रवर्द्धन गरी लैंगिक हिंसा नियन्त्रणको सुनिश्चितताका लागि दाङ जिल्लाको घोराही उपमहानगरपालिकाले **लैंगिक हिंसा नियन्त्रित नगर घोषणा कार्यविधि २०८१** तयार गरेको हो ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. नाम तथा प्रारम्भ :**

**(क)** यस कार्यबिधिको नाम **"लैंगिक हिंसा नियन्त्रित नगर घोषणा कार्यबिधि २०८१"** रहेको छ ।

(ख) यो कार्यबिधि नगर कार्यपालिकाबाट पास गरी राजपत्रमा प्रकाशन गरेको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा,

(क) "कार्यविधि" भन्नाले **"लैंगिक हिंसा नियन्त्रित नगर घोषणा कार्यबिधि २०८१"** लाई सम्झनु पर्दछ।

(ख) "नगरपालिका" भन्नाले घोराही उपमहानगरपालिका सम्झनु पर्दछ ।

(ग) "कार्यक्रम" भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएका योजनाहरुको संयोजित रुप सम्झनु पर्दछ ।

(घ) "योजना" भन्नाले समग्रमा नगरपालिकाले तयार गरेको स्थानीय तहको आवधिक योजना, वार्षिक योजना, गुरुयोजना, रणनीतिक योजना, दिर्घकालिन योजना, एकिकृत शहरी विकास योजना आदि सम्झनु पर्दछ ।

(ङ) "लिङ्ग" भन्नाले महिला, पुरुष र लैङ्गिक तथा यौनिक अल्पसंख्यकलाई सम्झनु पर्दछ ।

(च) “लैङ्गिक” भन्नाले समाजबाट निर्मित महिला, पुरुष र लैङ्गिक तथा यौनिक अल्पसंख्यकको भूमिका एवं पहिचानका साथै उनीहरु बिचको सामाजिक सम्बन्धलाई सम्झनु पर्दछ ।

(छ) “लैङ्गिक समानता” भन्नाले महिला, पुरुष र लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरु बीच सबै क्षेत्र र तहमा समान अवसर र समान लाभ हासिल गर्ने अवस्थालाई सम्झनु पर्दछ ।

(ज) “पछाडि पारिएको समुदाय” भन्नाले समाजमा लामो समयदेखि विकास र अवसरबाट वञ्चितीकरणमा पारिएका महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, जनजाती, मधेशी, मुस्लिम, लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरु भन्ने बुझ्नु पर्दछ ।

(झ) “सीमान्तकृत समुदाय” भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रुपले पछाडि पारिएका विभेद र उत्पीडन तथा भैगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्नबाट वञ्चित भएका संघिय कानून वमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितीमा रहेका समुदाय सम्झनु पर्छ र सो शब्दले अति सीमान्तकृत र लोपोन्मूख समुदाय समेतलाई जनाउँछ ।

(ञ) “हिंशा” भन्नाले शारीरिक, मानसिक, आर्थिक, सामाजिक, साँस्कृतिक जस्ता कुनै पनि प्रकारले विभेद् हुने गरी गरिएका कार्य र व्यवहार भन्ने बुझ्नुपर्दछ ।

(ट) “लैङ्गिक हिंसा” भन्नाले सार्वजनिक वा नीजि जीवनमा लिगंको आधारमा कसैप्रति शारीरिक, मानसिक वा यौनजन्य क्षति वा पीडा पुऱ्याउने कार्य सम्झनुपर्दछ र सो शब्दले लिंगको आधारमा हुने वा हुनसक्ने कुनैपनि प्रकारको अपमानजन्य, पीडाजन्य वा धम्कीपुर्ण व्यवहार, दवाव, करकाप वा स्वेच्छाचारी रुपमा कसैलाई स्वतन्त्रताको उपभोग गर्नबाट बञ्चित गर्ने कुनै कार्य समेतलाई जनाउँछ ।

(ठ) “घरेलु हिंसा” भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना बुझ्नु पर्दछ ।

**३. कार्यविधिका उद्धेश्यहरु :**

यस कार्यबिधिका उद्धेश्य देहाय बमोजिम हुनेछन् :

क) लैंगिक हिंसा नियन्त्रणका लागि आबश्यक अभियान र कार्यहरु सञ्चालन गर्ने ।

ख) लैंगिक हिंसा पिडितको उद्धार, संरक्षण र पुनर्स्थापना गरी न्याय प्रदान गर्ने ।

ग) लैंगिक हिंसाका दोषीलाई कार्वाही गरी थप हिंशाका घटना हुन नदिने ।

घ) लैंगिक हिंसा नियन्त्रण गरी घोराही उपमहानगरपालिकालाई लैंगिक हिंसा नियन्त्रित घोषणा गर्ने।

## परिच्छेद-२

## प्रक्रिया र चरणहरु :

**४. लैंगिक हिंसा नियन्त्रीत उपमहानगर घोषणाका प्रक्रिया र चरणहरु :**

लैंगिक हिंसा नियन्त्रित वडा र उपमहानरपालिका घोषणाका लागि देहाय बमोजिमका प्रक्रिया र चरणहरु पूरा गर्नुपर्नेछ :

१. लैंगिक हिंसा नियन्त्रित नगर निर्माणका लागि नगर कार्यपालिकाको बैठकले निर्णय गर्ने ।

२. लैंगिक हिंसा नियन्त्रण सम्बन्धी नीति, रणनीति र आचारसंहिता निर्माण गर्ने ।

३. स्थानीयस्तरमा रहेका सबै साझेदार निकायहरुलाई लैंगिक हिंसा नियन्त्रण सम्बन्धि अभिमुखीकरण गरी यस पद्धतिको अवलम्वन गर्न सामूहिक प्रतिवद्धता जाहेर गर्ने ।

४. सरोकारवालाहरुको पहिचान, समन्वय र सञ्जाल निर्माण गर्ने ।

५. वडा र नगर तहमा लैंगिक हिंसा नियन्त्रण समिति गठन गर्ने ।

६. लैंगिक हिंसा नियन्त्रण सम्बन्धि कार्यक्रम प्रवर्द्धनका लागि व्यहारिक र नतिजामुखी कार्ययोजना तयार गरी लागू गर्ने ।

७. नगरपालिका, वडा र बिद्यालय तहमा सम्पर्क शाखा वा इकाईको प्रबन्ध गरी सम्पर्क व्यक्ती (फोकल पर्सन) तोक्ने ।

८. सूचक र मापदण्डका आधारमा लैंगिक हिंसा नियन्त्रित घोषणाका लागि वडा छनौट गर्ने ।

९. लैंगिक हिंसा नियन्त्रित न्यूतमक सूचक निर्धारण गर्ने ।

१०. लैंगिक हिंसा निवारण कोष स्थापना गर्ने ।

११. लैंगिक हिंसा नियन्त्रणका लागि लगानी योजना निर्माण गर्ने ।

१२. लगानी योजनामा आधारित भई सूचक प्राप्त गर्न क्षेत्रगत क्रियाकलापहरुको तयारी गर्ने ।

१३. छनौट भएका क्षेत्रगत क्रियाकलापहरुको लागि आवश्यक बजेट विनियोजन गर्ने ।

१४. स्वीकृत बार्षिक क्रियाकलापहरुको कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।

१५. सूचक अनुसारको नतिजा प्राप्तिको सुनिश्चितता गर्ने ।

१६. सूचक पुरा भएको अवस्थामा सरोकारवालाहरु समेतको सहभागितामा वडा समिति र नगरस्तरिय समितिबाट अनुगमन र समिक्षा गरी प्रतिवेदन तयारी गर्ने ।

१७. सूचकका आधारमा स्थितिपत्र तयारी र सार्वजनिकिकरण गर्ने ।

१८. तोकिएको निकायबाट अनुगमन गर्ने ।

१९. वडा/उपमहानगरपालिकाका सम्बन्धित शाखा/महाशाखाबाट सूचक पुरा भएको प्रमाणिकरण गर्ने ।

२०. लैंगिक हिंसा नियन्त्रित घोषणाका लागि तोकिएको निकायबाट अनुमति प्रदान गर्ने ।

२१. लैंगिक हिंसा नियन्त्रित उपमहानगरपालिका घोषणा पश्चातको रणनीतिक योजना तर्जुमा गर्ने ।

२२. लैंगिक हिंसा नियन्त्रित वडा घोषणा गर्न नगर कार्यपालिकाको निर्णयबाट र उपमहानगरपालिका घोषणा गर्न नगर सभाबाट निर्णय गर्ने ।

२३. लैंगिक हिंसा नियन्त्रित वडा/उपमहानगरपालिका घोषणा गर्ने ।

२४. लैंगिक हिंसा नियन्त्रित वडा/उपमहानगरपालिका घोषणा पश्चातको रणनितिक योजना कार्यान्वयन गर्ने ।

२५. बार्षिक प्रतिवेदन तयारी र प्रकाशन गर्ने ।

२६. लैंगिक हिंसा नियन्त्रित सूचकहरुको दिगोपनाको सुनिश्चितता गर्ने ।

**५. वित्तीय स्रोत व्यवस्थापन :**

लैंगिक हिंसा नियन्त्रित प्रवर्द्धनका लागि आवश्यक पर्ने बजेट यस उपमहानगरपालिकाले आफ्नो बार्षिक बजेटबाट व्यवस्थापन गर्ने छ । नेपाल सरकार तथा प्रदेश सरकारले यस उपमहानगरपालिकाको लैंगिक हिंसा नियन्त्रित प्रवर्द्धन गर्न सशर्त अनुदान उपलब्ध गराउन सक्नेछन् । विषयगत मन्त्रालयले विकास साझेदार तथा गैरसरकारी संस्थाहरुलाई लैंगिक हिंसा नियन्त्रण कार्यान्वयनमा परिचालन गर्न आवश्यक समन्वय र सहजीकरण गर्नेछ ।

**६. उपलब्धी मापनका न्यूनतम सूचकहरु :**

लैंगिक हिंसा नियन्त्रित कार्यान्वयनको अवस्था मापनका लागि आधारभूत सूचक २२ र संस्थागत सूचक १० गरी ३२ वटा सूचकहरु रहेका छन् । उपमहानगरपालिकाबाट अनुसूची-१ बमोजिमका सूचकहरुमा नतिजा प्राप्त गर्ने गरी योजना तथा कार्यक्रम सञ्चालन गरिनेछ । सूचकमा प्राप्त नतिजाका आधारमा वडा तथा उपमहानगरपालिकालाई लैंगिक हिंसा नियन्त्रित घोषणा गरिनेछ ।

**७. लैंगिक हिंसा नियन्त्रित कार्यान्वयनका लागि सरोकारवाला निकायको भूमिका :**

लैंगिक हिंसा नियन्त्रित कार्यान्वयनको मुख्य जिम्मेवारी उपमहानगरपालिका र सम्वन्धीत वडा कार्यालयको रहने छ । जिल्ला समन्वय समिति, प्रदेश सरकार र संघीय सरकारले उपमहानगरपालिकाको कार्यक्रमलाई प्रभावकारी बनाउन अनुगमन गरी पृष्ठपोषण दिन सक्नेछन् । साथै स्थानीय अन्य सरोकारवालाहरुको भूमिका अनुसूचि-२ अनुसार हुनेछ ।

**८. आचारसंहिता पालना :**

लैंगिक हिंसा नियन्त्रित उपमहानगर घोषणाका लागि सबै सरोकारवालाहरुले अनुसूची-३ बमोजिमको आचारसंहिता पालना गरेको हुनुपर्नेछ ।

## परिच्छेद-३

## संस्थागत व्यवस्था र जिम्मेवारी

**९. लैंगिक हिंसा नियन्त्रित कार्यान्वयनको लागि संस्थागत व्यवस्था :**

लैंगिक हिंसा नियन्त्रित उपमहानगरपालिका घोषणाका लागि आबश्यक काम गर्न पालिकादेखि वडासम्मका निम्न अनुसारका समितिहरु रहनेछन् :

**(१) लैंगिक हिंसा नियन्त्रित उपमहानगरपालिका समिति :** उपमहानगरपालिकास्तरमा लैंगिक हिंसा नियन्त्रित कार्यान्वयन गर्नका लागि देहाय बमोजिमको लैंगिक हिंसा नियन्त्रित नगरस्तरीय समिति रहनेछ :

१) नगर प्रमुख-अध्यक्ष

२) नगर उपप्रमुख-उपाध्यक्ष

३) प्रमुख प्रशासकीय अधिकृत- सदस्य

४) वडा अध्यक्ष सबै- सदस्य

५) नगर कार्यपालिका सदस्य सवै-सदस्य

६) महाशाखा/शाखा प्रमुखहरु-सदस्य

७) लैंगिक हिंसा नियन्त्रणका क्षेत्रमा काम गर्ने स्थानीय गैरसरकारी संघ संस्था मध्येबाट नगर प्रमुखले मनोनयन गरेको कम्तिमा एक महिला सहित २ जना प्रतिनिधि-सदस्य

८) उपमहानगरपालिका स्तरीय बालक्लव सञ्जालका अध्यक्ष सहित २ जना (कम्तीमा १ जना बालिका समेत)-सदस्य

९) उपमहानगरपालिका स्तरीय किशोरी सञ्जालका अध्यक्ष-सदस्य

१०) सम्बन्धित प्रहरी कार्यालयका महिला तथा बालबालिका इकाई प्रमुख-सदस्य

११) लैंगिक तथा यौनिक अल्पसंख्यक प्रतिनिधि १ जना-सदस्य

१२) महिला, बालबालिका तथा सामाजिक विकास शाखा प्रमुख-सदस्य सचिव

यस समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञ तथा संस्थाका प्रतिनिधिहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

**क) लैंगिक हिंसा नियन्त्रित उपमहानगरपालिका समितिका काम, कर्तव्य र जिम्मेवारी :**

१) लैंगिक हिंसा नियन्त्रण सम्बन्धी उपमहानगरस्तरको नीति, रणनिति, कार्यविधि तयार गर्ने र यस पद्धतिको प्रवर्द्धन गर्न उपमहानगरपालिकालाई नितिगत पृष्ठपोषण गर्ने ।

२) लैंगिक हिंसा नियन्त्रण अभियानको प्रवर्द्धन गर्ने ।

३) लैंगिक हिंसा नियन्त्रितका लागि पछाडि पारिएका र सिमान्तकृत समुदायका महिलालाई प्राथमिकता दिंदै लगानी योजना, बार्षिक कार्यक्रम तथा क्रियाकलापको तर्जुमा गर्न सहयोग गर्ने ।

४) लैंगिक हिंसा नियन्त्रितका लागि उपमहानगरपालिकाबाट स्वीकृत कार्यक्रमको कार्यान्वयनमा सहयोग गर्ने ।

५) वडा तथा समुदाय स्तरमा रहेको समितिको भुमिका प्रभावकारी बनाउन सहयोग गर्ने ।

६) सरोकारवाला निकायसँग समन्वय र परिचालनमा सहयोग गर्ने ।

७) लैंगिक हिंसा नियन्त्रण सम्बन्धी कार्यको अनुगमन र मुल्याङ्कन गर्ने, गराउने ।

**(२) लैंगिक हिंसा नियन्त्रित वडा समिति :**

वडा स्तरमा लैंगिक हिंसा नियन्त्रित कार्यान्वयन गर्नका लागि देहाय बमोजिमको लैंगिक हिंसा नियन्त्रित वडा समिति रहनेछ :

१) वडा अध्यक्ष-अध्यक्ष

२) वडा समितिका सदस्य सबै- सदस्य

३) वडामा रहको स्वास्थ्य संस्थाका प्रमुख-सदस्य

४) लैंगिक हिंसा नियन्त्रणको क्षेत्रमा कार्यरत स्थानीय गैरसरकारी संघसंस्था वा सामुदायिक संस्थाका एक जना प्रतिनिधि-सदस्य

५) टोल विकास संस्था मध्येबाट वडा अध्यक्षले मनोनयन गरेका प्रतिनिधी २ जना-सदस्य

६) वडामा रहेका विद्यालयका प्रधानाध्यापक मध्येबाट वडा अध्यक्षले मनोनयन गरेका प्रतिनिधि २ जना-सदस्य

७) वडामा कार्यरत महिला स्वयंसेविका मध्येबाट वडा अध्यक्षले मनोनयन गरेका एकजना प्रतिनिधि-सदस्य

८) वडा स्तरीय बालक्लव सञ्जालका अध्यक्षसहित २ जना (कम्तीमा १ बालिका)-सदस्य

९) वडा स्तरीय किशोरी सञ्जालका अध्यक्ष-सदस्य

१०) वडा सचिव-सदस्य सचिव

यस समितिले आवश्यकता अनुसार सम्बन्धीत क्षेत्रका विज्ञ तथा संस्थाका प्रतिनिधिहलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

**(क) लैंगिक हिंसा नियन्त्रित वडा समितिका काम, कर्तव्य र जिम्मेवारी**

१) लैंगिक हिंसा नियन्त्रण सम्बन्धी वडा स्तरको योजना तयार गर्न र यस पद्धतीको प्रर्वद्धन गर्न वडा समितिलाई सहयोग गर्ने ।

२) लैंगिक हिंसा नियन्त्रण पद्धतीको प्रवर्द्धन गर्न समन्वयकारी भुमिका निर्वाह गर्ने ।

३) लैंगिक हिंसा नियन्त्रण सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न समन्वय गर्ने ।

४) बालक्लव र किशोरी क्लव गठन तथा परिचालनमा सहयोग गर्ने ।

५) वडामा लैंगिक हिंसा नियन्त्रणका क्षेत्रमा कार्यरत सरकारी निकाय एवम् सामाजिक संघ सस्था र समुह विच आवश्यक समन्वय गर्ने, गराउने ।

६) लैंगिक हिंसा नियन्त्रण सम्बन्धी कार्यको अनुगमन गर्ने, गराउने ।

## परिच्छेद-४

## घोषणा, पुरस्कार र अनुगमन

**१०. लैंगिक हिंसा नियन्त्रित घोषणा :**

लैंगिक हिंसा नियन्त्रित वडा र उपमहानगरपालिका घोषणाको लागि अनुसूची-१ मा उल्लेख भएका सुचकहरुको नतिजा प्राप्तीको आधारमा तोकिएका सूचकमा ८० प्रतिशत भन्दा वढि अंक हासिल गरेको खण्डमा लैंगिक हिंसा नियन्त्रित घोषणा गरिनेछ । घोषणा गर्नुअघि उपमहानगरपालिकाले सुचक प्राप्तीको सुनिश्चितताको लागि मुल्याङ्कनको प्रभावकारी व्यवस्था मिलाउनु पर्नेछ ।

**११. पुरस्कार र सम्मानको व्यवस्था :**

लैंगिक हिंसा नियन्त्रित घोषणापछि उपमहानगरपालिकालाई प्रदेश सरकार र वडालाई उममहानगरपालिकाबाट सम्मान र पुरस्कार प्रदान गरिनेछ । साथै वडा र उपमहानगरपालिकामा थप दिगोपना सुनिश्चितताका कार्यक्रम सञ्चालन गरिनेछ ।

**१२. घोषणापछिको अनुमगन सम्बन्धी व्यवस्था :**

लैंगिक हिंसा नियन्त्रित घोषणा पश्चात वडा/उपमहानगरपालिकाको घोषणाको दिगोपनको लागि स्वीकृति दिने निकाय तथा मन्त्रालय, प्रदेश सरकार र अन्य सरोकारवाला निकायहरुबाट समय समयमा अनुगमन गर्न माग गर्न सकिनेछ । सल्लाह, सुझाव र पृष्ठपोषण प्रदान भएमा सोही बमोजिम आगामी कार्यक्रम गरिनेछ ।

## परिच्छेद-५

## उजुरी र जाँचबुझ

### १३. उजुरी तथा जाँचबुझ सम्बन्धी व्यवस्था

**१३.१. उजुरी गर्ने :** कसैलाई घरपरिवार, समाज, कार्यालय, कार्यस्थल लगाएतका जुनसुकै स्थानमा कुनै पनि हिंसा या असुरक्षाको वातावरण सिर्जना भएमा लैंगिक हिंसा नियन्त्रित समितिमा उजुरी दिनुपर्नेछ ।

**१३.२. उजुरीको छानविन :** हिंसा सम्बन्धी कुनै उजुरी परेमा त्यस उजुरीमाथि समितिले तत्काल छानविन गरी आबश्यक कानूनी कार्वाहीको लागि प्रक्रिया अघि बढाउनुपर्नेछ ।

**१३.३. गोपनीयता कायम गर्नुपर्ने :** हिंशासँग सम्बन्धित घटना भएमा उजुरीकर्ता र आरोपित दुवै पक्षको गोपनियता कायम गर्नुपर्नेछ ।

**१३.४. सुरक्षाको प्रत्याभूती गराउनुपर्ने :** हिंसा सम्बन्धी घटनामा आबश्यक छानविन तथा जाँझबुझपछि त्यसका पिडितलाई सुरक्षाको प्रत्याभूती दिने, घटनामा संस्थाका व्यक्ती दोषी भएको पाइए संस्थाको नियम बमोजिम संस्थागत नसिहत दिने या जुनसुकै व्यक्ती भए पनि थप कानूनी कार्वाहीका लागि पहल गर्नुपर्नेछ।

## परिच्छेद-६

## विविध

### १४. विविध

**१४.१. बाधा अडकाउ फुकाउने अधिकार :** यो कार्यबिधि कार्यान्वयनका सम्बन्धमा कुनै द्विविधा भएमा स्पष्ट पारी बाधा अड्काउ फुकुवा गरी निर्देशन जारी गर्न सकिनेछ । यसरी जारी भएको नीति पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

**१४.२. नीतिको समिक्षा तथा संशोधन :** यो कार्यबिधि आवश्यकता अनुसार समिक्षा गरी संशोधन गर्न सकिनेछ ।

## अनुसूची-१

## (दफा ६ सँग सम्बन्धित)

**<u>लैंगिक हिंसा नियन्त्रित उपमहानगर घोषणाका लागि सूचकहरु :</u>**

**(क) आधारभूत सूचकहरु :**

१. व्यक्ती, घरपरिवार र समाजमा लिंगका आधारमा विभेद, वेवास्था, हेला, दुर्व्यवहार तथा कुनै प्रकारका हिंसा भएको हुनेछैन ।

२. घरपरिवार, समाज र कार्यस्थलमा महिलाबिरुद्ध धार्मिक, सामाजिक, साँस्कृतिक, परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसीक, आर्थिक, यौनजन्य, मनोवैज्ञानिक या अन्य कुनै प्रकारको हिंशाजन्य कार्य वा शोषण गरिने छैन ।

३. घरपरिवार र समाजमा शिक्षा, स्वास्थ्य लगाएतका आधारभूत सेवामा लैंगिक विभेद् भएको हुनेछैन ।

४. व्यक्ती, परिवार र समुदायले लैंगिक हिंसा प्रभावितलाई कानूनी उपचारका लागि प्रोत्साहन गरेका हुनेछन् ।

५. समुदाय र वडा स्तरमा महिला तथा किशोरीलाई यौन तथा प्रजनन् स्वास्थ्य, परिवार नियोजन र पोषण लगायतका सेवा तथा सुचनाहरु प्रदान गरिएको हुनेछ ।

६. लैंगिक हिंशाबाट पिडितको घरपरिवार र समाजमा उचित पुनर्स्थापनाको व्यवस्था भएको हुनेछ ।

७. बलपूर्वक गर्भधारण, जर्वजस्ती गर्भपतन, लिंग पहिचान गरी गर्भपतन र गर्भावस्थामा उपेक्षा गर्ने कार्यमा कमी आएको हुनेछ ।

८. छुवाछुत, दाइजो, मानव बेचबिखन, गैरकानूनी ओसारपसार, बालश्रम, बालविवाह, बहुविवाह, अनमेल विवाह, जर्वजस्ती विवाह लगाएतका सामाजिक कुरीति र अन्धबिश्वासमा कमी आएको हुनेछ ।

९. समान कामको समान ज्याला निर्धारण गरी लागू भएको हुनेछ ।

१०. मुक्त कमलरीको उचित पुनर्स्थापना भएको हुनेछ ।

११. नगरका सबै संरचनाका निर्णय प्रक्रियामा महिलाका आवाजहरु समेटिएको हुनेछ ।

१२. वार्षिक, आवधिक र दिर्घकालिन योजना तर्जुमा गर्दा लैंगिक हिंसा नियन्त्रण र महिलालाई प्रत्यक्ष लाभ हुने खालका योजना निर्माण, बजेट विनियोजन र कार्यान्वयन गरेको हुनेछ ।

१३. बालक्लव, बाल सञ्जाल, किशोरी समूह, किशोरी सञ्जाल, युवा क्लव, युवा सञ्जाल, एकल महिला संजाल, टोल विकास संस्था र सामुदायीक संस्थाहरु नियमित बैठक बसी लैंगिक हिंशाबिरुद्ध क्रियाशिल भएका हुनेछन् ।

१४. महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेद्का आधारमा अवसर प्रदान गरिएको हुनेछ ।

१५. असहाय अबस्थामा रहेका हिंसा प्रभावित महिलालाई सिप, क्षमता प्रदान गरी जिविकोपार्जनको व्यवस्था गरिएको हुनेछ ।

१६. लिंग पहिचान गरी गर्भपतन गर्ने कार्यलाई स्वास्थ्य संस्थाहरुले दुरुत्साहन गरेका हुनेछन् ।

१७. बिद्यालयमा बालमैत्री र दण्डरहित शिक्षण भएको हुनेछ ।

१८. बिद्यालयहरुमा लैंगिक हिंसा बिरुद्धका अतिरिक्त कक्षाहरु सञ्चालन भएका हुनेछन् ।

१९. बिद्यालयहरुमा लैंगिक हिंसा सम्बन्धी क्रियाकलापहरुको नियमित अनुगमन गरी लैंगिक हिंशामुक्त वातावरण निर्माण भएको हुनेछ ।

२०. सञ्चार माध्यमहरुबाट लैंगिक हिंसा नियन्त्रणका अभियानहरुलाई महत्वका साथ प्रचारप्रसार गरिएको हुनेछ ।

२१. लैंगिक हिंसा दुरुत्साहन हुने खालका सामग्री प्रकाशन, प्रसारण नगरी सञ्चार माध्यमले आचारसंहिता र लैंगिक उत्तरदायी सञ्चार निर्देशिकाको पालना गरेका हुनेछन् ।

२२. मोबाइल फोनका साथै इमेल, सामाजिक सञ्जाल जस्ता इन्टरनेटमार्फत सञ्चालित सञ्चार प्रबिधिको माध्यमबाट गरिने दुर्व्यवहारमा कमी आएको हुनेछ ।

**(ख) संस्थागत सूचकहरु :**

१. नगर र सबै वडाहरुमा लैङ्गिक हिंसा नियन्त्रित समित गठन भई क्रियाशील भएका हुनेछन् ।

२. नगर, वडा, बिद्यालय र स्वास्थ्य संस्थामा लैंगिक हिंसा नियन्त्रण सम्बन्धी संस्थागत संरचना बनाई लैंगिक हिंसा बिरुद्धका गतिबिधि प्रवर्द्धन गरिएको हुनेछ ।

३. सार्वजनिक सेवा प्रवाहका संस्था तथा कार्यालयहरुले लैंगिक हिंसा नियन्त्रणका लागि आचारसंहिता तयार गरी लागू गरेका हुनेछन् ।

४. न्यायीक समितिमा लैंगिक हिंशाका विवाद्लाई प्राथमिकता दिई यथाशिघ्र फछ्र्योट गरिएको हुनेछ ।

५. लैंगिक हिंसा प्रभावितलाई तत्काल उद्धार गरी अल्पकालीन आश्रय स्थल (सेफ हावस) मा संरक्षण गरी मनोबिमर्श सेवा प्रदान गरिएको हुनेछ ।

६. नेपाल प्रहरीको महिला तथा बालबालिका इकाईमा लैंगिक हिंशाका उजुरीलाई प्राथमिकता दिई यथाशिघ्र प्रभावितको सुरक्षा र न्यायमा पहुँच बृद्धि गरिएको हुनेछ ।

७. उपमहानगरपालिकाले स्थानीय लैंगिक तथा सामाजिक समावेशीकरण नीति तयार गरी कार्यान्वयनमा ल्याएको हुनेछ ।

८. उपमहानगरपालिकामा लैंगिक हिंसा निवारण कोष स्थापना गरिएको हुनेछ ।

९. लैंगिक हिंसाका घटनाहरुको उजुरी लिने, व्यवस्थापन गर्ने, सुनुवाई गर्ने तथा सिफारिश गर्ने स्थानीय संयन्त्रहरु वडादेखि नगर तहसम्म क्रियाशिल रहेका हुनेछन् ।

१०. लैंगिक हिंशाबाट प्रभावितलाई सिफारिश प्रणाली अवलम्वन गरी आबश्यक सेवा प्रदान गरिएको हुनेछ ।

## अनुसूची-२

**(दफा ७ सँग सम्बन्धित)**

**लैंगिक हिंसा नियन्त्रित उपमहानगर घोषणाका लागि सरोकारवालाहरुको भूमिका :**

**(क) घोराही उपमहानगरपालिका नगर कार्यपालिकाको भूमिका :**

- ✓ संघ तथा प्रदेश सरकारबाट प्राप्त, मार्गदर्शन तथा विशेष कार्यक्रमहरु र निर्देशनलाई लागू गर्ने गराउने ।
- ✓ लैंगिक हिंसा र घरेलु हिंसा नियन्त्रण सम्बन्धी नीति, निर्देशिका तर्जुमा गर्ने र वडालाई निर्देशन दिने ।
- ✓ विभिन्न सरोकारबालाकोबीचमा सम्पर्क, समन्वय र साझेदारी विकास गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।
- ✓ लैंगिक हिंसा नियन्त्रणका सिद्धान्त र प्रक्रियाहरुको अनुकरण गर्दै योजना तथा कार्यक्रम संचालनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने र भौगोलिक तथा विषयगतरुपमा प्राथमिकता निर्धारण गरी बजेट विनियोजन गर्ने ।
- ✓ लैंगिक हिंसा नियन्त्रण सम्बन्धी दीर्घकालीन नीति तथा कार्यक्रम बनाई आवधिक नगर विकास योजनामा समावेश गराउने ।
- ✓ लैंगिक हिंसा नियन्त्रण सम्बन्धी वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने ।

- ✓ लैंगिक हिंसा नियन्त्रण सम्बन्धी सञ्चालित कार्यक्रमहरु समन्वयात्मक र एकीकृत ढंगबाट संचालन गरी कार्यक्रमहरु लैंगिक समानता कायम गर्नेतर्फ केन्द्रित गर्ने ।
- ✓ लैंगिक हिंसा नियन्त्रण सम्बन्धी कार्यक्रमहरु सम्बन्धित विषयगत महाशाखा, शाखा अन्य कार्यालय, निकाय एवं गैरसरकारी संघ संस्थामार्फत कार्यान्वयन गराई प्रवर्द्धनात्मक, सहयोगात्मक एवं समन्वयात्मक भुमिका निर्वाह गर्ने ।
- ✓ विभिन्न निकायबाट संचालन भएका लैंगिक हिंसा नियन्त्रण सम्बन्धी कार्यक्रमहरुको सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने ।
- ✓ लैंगिक हिंसा नियन्त्रणको आवधिक प्रगति समीक्षा गरी कार्यक्रम सञ्चालनमा देखापरेका समस्याहरु निराकरण गर्ने ।

**(ख) वडा कार्यालयको भूमिका :**

- ✓ नगरपालिकावाट प्राप्त मार्गदर्शन, नीति तथा कार्यक्रमहरु आफ्नो वडाको सन्दर्भमा आवश्यकता अनुसार लागू गर्ने ।
- ✓ आफ्नो वडामा लैंगिक हिंसा नियन्त्रण सम्बन्धी नीति र कार्यबिधि कार्यान्वयन गर्ने ।
- ✓ लैंगिक हिंसा नियन्त्रित घोषणा सम्बन्धी कार्यक्रम प्रवर्द्धनको लागि वडा स्तरमा योजना तथा कार्यक्रम सञ्चालन गर्दा नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।
- ✓ वडामा लैंगिक हिंसा नियन्त्रित अभियान प्रवर्द्धनको लागि बजेट विनियोजन गर्ने ।
- ✓ लैंगिक हिंसा नियन्त्रणको दिगोपनाको लागी प्रत्येक वर्ष वार्षिक योजनामा लैंगिक हिंसा नियन्त्रणका कार्यक्रम समावेश गर्ने ।
- ✓ वडा तहमा लैंगिक हिंसा नियन्त्रण सम्बन्धी कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने ।
- ✓ लैंगिक हिंसा नियन्त्रण सम्बन्धी सञ्चालित कार्यक्रमहरु समन्वयात्मक र एकीकृत ढंगबाट संचालन गर्ने गराउने ।
- ✓ बाल क्लव/किशोरी समूहहरुको विकासमा सहयोग पुऱ्याउने ।
- ✓ लैंगिक हिंसा नियन्त्रणको आवधिक प्रगति समीक्षा गर्ने ।
- ✓ आफ्नो वडा र त्यस मातहतका निकायबाट हुने सेवा प्रवाहलाई लैंगिकमैत्री बनाउने ।
- ✓ लैंगिक हिंसा सम्बन्धी तथ्यांकहरुको अद्यावधिक गर्ने ।
- ✓ लैंगिक हिंसा नियन्त्रित वडा घोषणा गर्ने ।

**(ग) जनप्रतिनिधि र कर्मचारीहरुको भूमिका :**

- ✓ स्थानीयस्तरमा रहेका सबै साझेदार संस्थाहरुलाई लैंगिक हिंसा नियन्त्रण सम्बन्धि अभिमुखीकरण गर्ने र यस पद्धतिको अवलम्वन गर्न सामूहिक प्रतिवद्धता जाहेर गराउने ।
- ✓ लैंगिक हिंसा नियन्त्रण सम्बन्धि कार्यक्रम प्रवर्द्धनका लागि व्यहारिक र नतिजामुखी कार्ययोजना तयार गर्ने ।
- ✓ नगर र वडामा लैंगिक हिंसा नियन्त्रण सम्बन्धी सम्पर्क व्यक्ति तोकि लैंगिक हिंसा बिरुद्धका गतिबिधि प्रवर्द्धनका लागि संस्थागतरुपमा नियमित काम गर्ने व्यवस्था मिलाउने ।
- ✓ लैंगिक हिंसा नियन्त्रण सम्बन्धी सूचकहरुको अबस्थाबारे अध्ययन गरी पछिल्लो तथ्यांक अद्यावधिक गर्ने ।

- ✓ सबैभन्दा बढी समस्या भएका सूचकहरु पूरा गर्न कार्यक्रम सञ्चालन गर्ने ।
- ✓ टोल विकास संस्था, महिला समूह, युवा क्लव, किशोरी समूह, बालक्लव जस्ता वडामा क्रियाशिल सामुदायिक संस्था र सूचकहरुमा काम गर्ने गैरसरकारी संस्थाहरुलाई लैंगिक हिंसा बिरुद्धका अभियानमा परिचालन गर्ने ।
- ✓ लैंगिक हिंशाको स्थितीपत्र, लगानी योजना र घोषणापछिको रणनीति तयार गर्ने ।
- ✓ सूचकहरु पूरा भएको लागेमा वडा तहबाट अनुगमन गरी घोषणाको तयारीसहितको प्रतिवेदन तयार पारी अनुगमनका लागि उपमहानगरपालिकामा पेश गर्ने ।
- ✓ उपमहानगरपालिकामा पेश भएको प्रतिवेदनका आधारमा नगरका सरोकारवालाहरुबाट भएको अनुगमनमा सूचकहरु पूरा भएको पाइएमा नगर कार्यपालिकाबाट लैंगिक हिंसा नियन्त्रित वडा घोषणाको निर्णय गर्ने ।

**(घ) सम्पर्क व्यक्ती (फोकल पर्सन) हरुको भूमिका :**

- ✓ लैंगिक हिंसा नियन्त्रित घोषणाका लागि सञ्चालन हुने हरेक क्रियाकलापको संयोजन गर्ने ।
- ✓ लैंगिक हिंसा नियन्त्रण सम्बन्धी काम गर्ने सबै सरोकारवालाहरुसँग नियमित सम्पर्क र समन्वय गर्ने ।
- ✓ लैंगिक हिंसा नियन्त्रित घोषणाका लागि आबश्यक पर्ने सूचकहरुको अबस्था सम्बन्धी तथ्यांक र अबस्थाबारे नियमित अद्यावधिक गर्ने ।
- ✓ लैंगिक हिंसा नियन्त्रित घोषणाका लागि तयार भएको कार्ययोजना कार्यान्वयनका लागि नियमित सक्रिय रहने ।
- ✓ लैंगिक हिंसा नियन्त्रण अभियान सञ्चालनका लागि स्थानीय स्तरका सबै सहयोगी व्यक्ती र नियकासँग नियमित समन्वय र उनीहरुलाई पनि अभियानमा परिचालन गर्ने ।
- ✓ लैंगिक हिंसा नियन्त्रण सम्बन्धी गतिबिधि सञ्चालनका लागि उपमहानगरकाका सम्बन्धित शाखाहरुसँग नियमित समन्वय र सहकार्य गर्ने ।
- ✓ लैंगिक हिंसा नियन्त्रण सम्बन्धी बिभिन्न दस्तावेजहरु निर्माणमा समन्वय गर्ने ।
- ✓ हरेक गतिबिधिका प्रमाण तथा दस्तावेजहरु फाइल गरेर राख्ने ।
- ✓ लैंगिक हिंसा नियन्त्रित घोषणाका लागि प्रतिवेदन तयार गर्ने ।
- ✓ अनुगमनको व्यवस्था मिलाउने ।

**(ङ) उपमहानगरका बिषयगत शाखा/महाशाखाहरुको भूमिका :**

- ✓ आफ्नो शाखासँग सम्बन्धित सूचकहरु पूरा गर्न वडासँग समन्वय गर्ने ।
- ✓ आफ्नो क्षेत्रसँग सम्बन्धित सूचकहरु पूरा गर्न आबश्यक क्रियाकलाप सञ्चालनमा सहकार्य गर्ने।
- ✓ क्रियाकलाप सञ्चालनमा आबश्यक पर्ने बजेटमा सहकार्य गर्ने ।
- ✓ आफ्नो शाखासँग सम्बन्धित नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्न लैंगिकमैत्री क्रियाकलाप सञ्चालन गर्ने र यस्ता कार्यक्रमहरुमा महिला सहभागिता सुनिश्चित गर्ने ।
- ✓ लैंगिक हिंसा नियन्त्रणका कार्यक्रम कार्यान्वयन गर्ने निकायबीच समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने ।

- ✓ लैंगिक हिंसा नियन्त्रण सम्बन्धी भएका क्रियाकलाप तथा प्रगति विवरणको सूचना अद्यावधिक र सम्प्रेषण गर्ने ।
- ✓ आफ्नो क्षेत्रमा सञ्चालित लैंगिक हिंसा नियन्त्रण सम्बन्धी कार्यको अनुगमन तथा मूल्याङ्कन गर्ने ।
- ✓ सूचकहरु पूरा भए नभएको बारेमा अनुगमन गरी प्रतिवेदन तयार पार्ने ।
- ✓ सूचकहरु पूरा भएमा प्रमाणिकरण गरिदिने ।

**(च) महिला, बालवालिका तथा सामाजिक विकास शाखाको भूमिका :**

- ✓ लैंगिक हिंसा नियन्त्रणका कार्यक्रमको प्रवर्द्धन गर्न वडाहरुलाई सहयोग र समन्वय गर्ने ।
- ✓ महिला तथा बालबालिका सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने ।
- ✓ नगरका बिभिन्न संरचना र गतिबिधिहरुमा महिला सहभागिता सुनिश्चित गराउन भूमिका खेल्ने।
- ✓ लैंगिक हिंसा नियन्त्रित घोषणा सम्बन्धी सूचक प्राप्त हुनेगरी योजना तर्जुमा र कार्यान्वयन गर्ने गराउने ।
- ✓ पछाडि पारिएका र सिमान्तकृत समुदायका महिलालाई प्राथमिकता दिंदै लैंगिक समानता कायम गर्ने खालका कार्यक्रम तय गर्ने ।
- ✓ लैंगिक हिंसा नियन्त्रित घोषणा कार्यान्वयन गर्ने निकायबीच समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने ।
- ✓ सेवा प्रवाह पद्धतीलाई लैंगिकमैत्री, अपांगमैत्री र ज्येष्ठ नागरिकमैत्री बनाउने ।
- ✓ लैंगिक हिंसा सम्बन्धी भएका क्रियाकलाप तथा प्रगति विवरणको सूचना अद्यावधिक र सम्प्रेषण गर्ने ।
- ✓ आफ्नो शाखा तथा वडा अन्तर्गत सञ्चालित लैंगिक हिंसा सम्बन्धी कार्यको अनुगमन तथा मूल्याङ्कन गर्ने ।
- ✓ नगरलाई लैंगिक हिंसा नियन्त्रित घोषणाका लागि सक्रिय भूमिका निर्वाह गर्ने ।

**(छ) विकास साझेदार, सरकारी तथा गैरसरकारी संघसंस्थाहरुको भूमिका :**

- ✓ लैंगिक हिंसा नियन्त्रणका लागि प्रतिबद्धता जनाउने ।
- ✓ आफ्नो संस्थासँग सम्बन्धित कार्यक्रमलाई लैंगिक हिंसा नियन्त्रणका अभियानमा जोड्ने ।
- ✓ सूचकहरु पूरा गर्न आबश्यक क्रियाकलाप सञ्चालनमा सहकार्य गर्ने ।
- ✓ क्रियाकलाप सञ्चालनमा आबश्यक पर्ने बजेटमा सहकार्य गर्ने ।
- ✓ लैंगिक हिंसा बिरुद्धका अभियानमा आफ्नो संयन्त्रलाई परिचालन गर्ने ।
- ✓ लैंगिक हिंसा नियन्त्रण सम्बन्धी कार्य गर्दा महिला, बालवालिका तथा सामाजिक विकास शाखासँग समन्वय गरी एकद्वार पद्धतिबाट कार्य गर्ने गराउने ।

**(ज) विद्यालय र बिद्यालय व्यवस्थापन समितिको भूमिका :**

- ✓ लैंगिक हिंसा नियन्त्रणका लागि प्रतिबद्धता जनाउने ।
- ✓ विद्यालयमा लैंगिक हिंसा नियन्त्रणका लागि सम्पर्क व्यक्ती (फोकल पर्सन) तोक्ने ।
- ✓ बिद्यालयमा लैंगिक हिंसा नियन्त्रणका लागि बिभिन्न क्रियाकलाप सञ्चालन गर्ने ।

- ✓ लैंगिक हिंसा नियन्त्रणका लागि आचारसंहिता पालना गर्ने, गराउने ।
- ✓ शिक्षक र बिद्यार्थीहरुलाई लैंगिक हिंसा नियन्त्रणका अभियानमा परिचालन गर्ने ।
- ✓ सूचकहरु पूरा गर्न आबश्यक क्रियाकलाप सञ्चालन गर्ने ।

**(झ) स्वास्थ्य संस्थाको भूमिका :**

- ✓ लैंगिक हिंसा नियन्त्रणका लागि प्रतिबद्धता जनाउने ।
- ✓ स्वास्थ्य संस्थामा लैंगिक हिंसा नियन्त्रणका लागि सम्पर्क व्यक्ती (फोकल पर्सन) तोक्ने ।
- ✓ किशोर किशोरीमैत्री स्वास्थ्य सेवा, यौन तथा प्रजनन् स्वास्थ्य सेवा सञ्चालन गर्ने ।
- ✓ लैंगिक हिंसा नियन्त्रणका लागि बिभिन्न क्रियाकलाप सञ्चालन गर्ने ।
- ✓ लैंगिक हिंसा नियन्त्रणका लागि आचारसंहिता पालना गर्ने, गराउने ।
- ✓ स्वास्थ्य सेवा प्रदान गर्दा लैंगिक संवेदनशिलतालाई ध्यान दिने ।
- ✓ आफ्नो जनशक्तीलाई लैंगिक हिंसा नियन्त्रणका अभियानमा परिचालन गर्ने ।
- ✓ सूचकहरु पूरा गर्न आबश्यक क्रियाकलाप सञ्चालन गर्ने ।

**(ञ) महिला सञ्जाल, महिला सहकारी र किशोरी समूह तथा सञ्जालको भूमिका :**

- ✓ लैंगिक हिंसा नियन्त्रणका लागि प्रतिबद्धता जनाउने ।
- ✓ आफ्नो संस्थासँग सम्बन्धित कार्यक्रमलाई लैंगिक हिंसा नियन्त्रणका अभियानमा जोड्ने ।
- ✓ सूचकहरु पूरा गर्न आबश्यक क्रियाकलाप सञ्चालनमा सहकार्य गर्ने ।
- ✓ क्रियाकलाप सञ्चालनमा आबश्यक पर्ने बजेटमा सहकार्य गर्ने ।
- ✓ लैंगिक हिंसा बिरुद्धका अभियानमा आफ्नो संयन्त्रलाई परिचालन गर्ने ।
- ✓ लैंगिक हिंसा नियन्त्रण सम्बन्धी कार्यक्रम कार्यान्वियन गर्न आफ्ना सदस्यहरुलाई परिचालन गर्ने।
- ✓ लैंगिक हिंसा नियन्त्रण सम्बन्धी कार्यक्रम कार्यान्वियनका लागि नगरपालिका र विषयगत शाखालाई सहयोग गर्ने ।
- ✓ लैंगिक हिंसा नियन्त्रण सम्बन्धी कार्य गर्दा महिला, बालवालिका तथा सामाजिक विकास शाखासँग समन्वय गरी एकद्वार पद्धतिबाट कार्य गर्ने गराउने ।
- ✓ आ-आफ्नो क्षेत्रबाट हुने विकास निर्माण एवं सेवा प्रवाहलाई लैंगिकमैत्री बनाउने ।
- ✓ लैंगिक हिंसा नियन्त्रणको अभियानमा आबश्यक आर्थिक एबं प्रविधिक सहयोग गर्ने ।
- ✓ किशोर किशोरीमैत्री स्वास्थ्य सेवा, यौन तथा प्रजनन् स्वास्थ्य सेवा सञ्चालन गर्न सम्बन्धित निकायसँग समन्वय गर्ने ।

**(ट) टोल विकास संस्था, सामुदायिक संस्था र युवा क्लवको भूमिका :**

- ✓ लैंगिक हिंसा नियन्त्रणको अवधारणालाई समुदायस्तरसम्म पुऱ्याउन प्रवर्द्धनात्मक कार्यहरु गर्ने ।
- ✓ लैंगिक हिंसा नियन्त्रण सम्बन्धी कार्यक्रम सञ्चालन गरी सेवा प्रवाहमा सहयोग पुऱ्याउने ।
- ✓ वालक्लव र किशोरी समूहहरुको विकास र प्रवर्द्धनमा सहयोग पुऱ्याउने ।
- ✓ कार्यक्रमको स्वःअनुगमन, आवधिक समीक्षा र मूल्याङ्कन गर्ने ।
- ✓ स्थानीयस्तरमा उपलब्ध स्रोत साधन महिला सशक्तीकरणका क्षेत्रमा परिचालन गर्ने ।
- ✓ सरोकारबालासँग सम्पर्क एवं समन्वय गर्ने र साझेदारी निर्माण गर्ने ।
- ✓ स्वीकृत कार्यबिधि अनुसार कार्यक्रम सञ्चालन गर्ने ।

- ✓ आ-आफ्नो क्षेत्रमा सञ्चालन हुने कार्यक्रमको स्वामित्व ग्रहण गर्ने ।

**(ठ) बाल क्लव तथा सञ्जालको भूमिका :**

- ✓ लैंगिक हिंसा नियन्त्रण गर्न सरोकारवालाहरुसँग छलफल, समन्वय र पैरवी गर्ने ।
- ✓ लैंगिक हिंसा नियन्त्रित घोषणा प्रवर्द्धनका क्रियाकलापहरुमा सहभागी हुने ।
- ✓ वडा तथा नगरपालिकासँग वार्षिक योजनामा लैंगिक हिंसा नियन्त्रणका योजना समावेश गर्न समन्वय र पैरवी गर्ने ।
- ✓ वालक्लव, सञ्जालको वैठक वसी कार्ययोजना निर्माण तथा कार्यान्वयन गर्ने ।
- ✓ बालक्लव मार्फत वालश्रम, वालविवाह, लैंगिक हिंशा, वालदुर्व्यवहार विरुद्ध कार्यक्रम सञ्चालन गर्ने ।
- ✓ बाल पुस्तकालयको स्थापना, यूवा सूचना केन्द्रको स्थापना, किशोर किशोरीमैत्री स्वास्थ्य सेवा, यौन तथा प्रजनन् स्वास्थ्य सेवा सञ्चालन गर्न सम्बन्धित निकायसँग समन्वय गर्ने ।
- ✓ पछाडि पारिएका, विपन्न तथा अपाङगता भएका वालवालिकाहरुलाइ क्लव, सञ्जाल तथा कार्यक्रमहरुमा सहभागी गराउने ।
- ✓ वालक्लव ,सञ्जालले सञ्चालन गर्ने क्रियाकलापहरुमा सवै वालवालिकाहरुको सहभागीता तथा अवसरको सुनिश्चितता गर्ने ।
- ✓ वालक्लव संजालमार्फत वाल अधिकार तथा कर्तव्यवारे साथीहरुलाई जानकारी दिने तथा क्षमता वृद्धिका कार्यक्रम सञ्चालन गर्ने ।
- ✓ बाल क्लवका कार्यक्रमलाई लैंगिक हिंसा नियन्त्रणका कार्यक्रममा जोड्ने ।

**(ड) उद्योग बाणिज्य संघ, होटेल, यातायात व्यवसायी संघ र सबै उद्योगी, व्यवसायीहरुको भूमिका :**

- ✓ लैंगिक हिंसा नियन्त्रणको अवधारणालाई मध्यनजर गरी व्यवसाय सञ्चालन गर्ने ।
- ✓ आफ्नो कार्यक्षेत्रमा लैंगिक हिंसा हुन नदिन आबश्यक नीति नियम तय गरी कार्यान्वयन गर्ने।
- ✓ आफ्नो कार्यक्षेत्रमा बालश्रम, शोषण र हिंसा हुन नदिन प्रतिबद्ध भई काम गर्ने ।
- ✓ लैंगिक हिंसा नियन्त्रण सम्बन्धी कार्यक्रममा सहभागीगता जनाउने ।
- ✓ व्यवसायीक क्षेत्रमा बालश्रम, लैंगिक हिंसा र शोषण भए नभएको बिषयमा अनुगमन गरी कार्वाही गर्ने ।
- ✓ लैंगिक हिंसा नियन्त्रणका कार्यक्रम सञ्चालनका लागि नगरपालिकालाई सहयोग र साझेदारी गर्ने।

## अनुसूची-३

**(दफा ८ सँग सम्बन्धित)**

**लैंगिक हिंसा नियन्त्रित उपमहानगर घोषणाका लागि आचारसंहिता :**

- लिंगका आधारमा कसैलाई पनि व्यवहार, अवसर र सहभागितामा विभेद् नगर्ने ।
- लिंगका आधारमा कसैलाई पनि कुनै पनि प्रकारका हिंसा र दुर्व्यवहार नगर्ने ।
- घरेलु हिंसा नगर्ने र गर्नेलाई कार्वाहीका लागि पहल तथा वकालत गर्ने ।
- कार्यस्थलमा लिंगका आधारमा विभेद् र हिंसा नहुने बातावरण निर्माण गर्ने ।

- बालबालिका, किशोरकिशोरी र महिलाहरुलाई लक्षित गरी प्रभावकारी कार्यक्रम गर्ने ।
- बालबालिका, महिला र ज्येष्ठ नगारिकरुलाई सम्मानीत र सुरक्षित जीवनयापनको वातावरण बनाउने ।
- कसैलाई पनि लिंगका आधारमा कुटपिट, यातना, मानसिक चोट र दुर्व्यवहार नगर्ने ।
- बार्षिक योजना छनौटका क्रममा बालबालिका र महिलालाई अर्थपूर्ण रुपमा सहभागी गराई उनीहरुका आवाजको सुनुवाई गर्ने ।
- बालबालिका र महिलालाई अनुचित र  अभद्र व्यवहार तथा विभेद नगर्ने र त्यस किसिमको कामलाई निरुत्साहित गर्न सबै लागिपर्ने ।
- बालश्रम नियन्त्रण गर्ने र त्यस्तो भेटिएमा तत्काल रोकी कानूनी कार्वाहीको लागि पहल गर्न।
- बालविवाह नगर्ने, नगराउने र यस्ता कार्य रोक्न सबै लागिपर्ने ।
- बालबालिकालाई दुर्व्यसनबाट बचाउन सबै लागिपर्ने ।
- घर परिवार, समुदाय, बिद्यालय र कार्यस्थलमा दुर्व्यवहार, शोषण, भेदभाव जस्ता व्यवहार नगर्ने र गर्नेलाई दण्डित गर्ने ।
- बालबालिका र महिलाको क्षेत्रमा कार्यरत संघ संस्थाले कार्यक्रम तर्जुमा गर्दा कार्यक्रमको स्वरुप दोहोरो नपर्ने गरी एकद्धार प्रणालीबाट उपमहानगरपालिका कार्यालय र लैंगिक हिंसा निवारण समितिको परामर्शमा मात्र गर्ने ।
- गर्भवती महिलालाई उचित स्याहार र नियमित गर्भजााच गर्ने, गर्न लगाउने ।
- बिद्यालयमा बालमैत्री शिक्षण गरी दण्डरहित विद्यालय बनाउने ।
- नगरवासीलाई उनीहरुको अधिकारसागै कर्तव्य र जिम्मेवारी पनि सिकाउने ।
- पारिवारिक तथा संस्थागत निर्णय प्रक्रियामा बालबालिका र महिलालाई सहभागी गराउने र उनीहरुको विचारको सम्मान गर्ने ।
- बहुविवाह, अनमेल विवाह, जर्वजस्ती विवाह, कमलरी प्रथा, दाइजो प्रथा, अन्धविश्वास जस्ता हानिकारक अभ्यास अन्त्य गर्न तत्पर रहने ।
- लैंगिक हिंसा नियन्त्रणका अभियानमा सबै सामुदायीक संस्था, संघसंस्था र व्यक्तीले सक्रियता साथ सहयोग गर्ने ।

आज्ञाले

ऋषिराम के.सी.

प्रमुख प्रशासकीय अधिकृत